नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## वित्तीय अपराध नियन्त्रण गर्न नियामक तथा कानून पालना गराउने निकायहरूको क्षमता विकास गर्नुपर्ने - गभर्नर डा. खतिवडा

(गभर्नर डा. खतिवडाद्वारा National Banking Institute लाई सम्बोधन)

National Banking Institute द्वारा आयोजित Financial Fraud विषयक सम्मेलनको २०७१ फागुन २७ गते उद्घाटन गर्दै गभर्नर डा. युवराज खतिवडाले बैंकिङ क्षेत्र बढी प्रविधियुक्त तथा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रसँग एकीकृत हुँदै जाँदा बैंकिङ अपराधको जोखिम पनि बढ्दै गएको कुरा बताउनु भयो । सो अवसरमा उहाँले नेपाल राष्ट्र बैंक लगायत नियामक निकाय, प्रहरी, न्यायालय समेतको वित्तीय अपराध रोक्ने, अपराधीलाई कानूनको दायरामा ल्याउने र अपराधको प्रकृति अनुसारको दण्ड सजाय गर्ने क्षमता विकास नगरिएमा वित्तीय अपराधीले उन्मुक्ति पाउने र यस्ता अपराध गर्नेको मनोवल बढ्ने जोखिम रहन्छ भन्नुभयो । वित्तीय अपराधको जटिलता नबुझ्दा कहिलेकाहीँ अपराधको मुद्दा कमजोर बन्न सक्ने वा निर्णय हुन लामो समय लाग्न सक्ने कुरा समेत उहाँले व्यक्त गर्नुभयो ।

लेखापरीक्षक र सम्पत्ति मूल्याङ्कनकर्ता समेतले आफ्नो व्यावसायिक मूल्य मान्यता पालना नगर्दा यस्ता प्रवृत्तिले मौलाउने अवसर पाउँछन् भन्दै उहाँले बैंक तथा वित्तीय संस्थामा आन्तरिक लेखापरीक्षण बलियो हुनु पर्ने, बाह्य लेखापरीक्षण कार्य बढी सघन हुनु पर्ने र यसका लागि पर्याप्त पारिश्रमिकको व्यवस्था गर्नु पर्ने कुरा बताउनु भयो । अन्तर्राष्ट्रिय लेखापरीक्षण अत्यन्तै महँगो हुने गरेको स्मरण गराउँदै उहाँले मुलुकभित्रै लेखापरीक्षणको गुणस्तर सुधार्ने र आकर्षक पारिश्रमिकको व्यवस्था हुनु पर्ने कुरामा जोड दिनु भयो । NBI द्वारा आयोजित सो कार्यक्रममा बाह्य विज्ञहरू तथा नेपालका बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू सहभागी हुनुहुन्थ्यो ।

**२०७१ फागुन २७ गते बुधबार** **गभर्नरको कार्यालय**